# रसुवा जिल्लास्थित विकास निर्माण आयोजनाको अनुगमन
## (सडक तथा पुल निर्माण आयोजनाको संयुक्त अनुगमन प्रतिवेदन)

### १) पृष्ठभूमिः

नेपालको संविधानको धारा २२० बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्लासभा रहने व्यवस्था छ। जिल्ला सभाको काम, कर्तव्य र अधिकार जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने र प्रदेश कानुनबमोजिमको अन्य कार्यहरु गर्ने हुनेछन।

सोही अनुरुप विकास तथा निर्माण सम्बन्धी कार्यको अनुगमन गर्न जिल्ला समन्वय समितिको कार्यालयमा एक वटा इन्जिनियर र एक वटा सब-इन्जिनियर रहने गरी अनुगमन तथा मूल्याङ्कन शाखाको समेत व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ बमोजिम विकास निर्माणसम्बन्धी जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने, जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने, जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने, जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथ आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने, जिल्लाभित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने जस्ता कार्यको व्यवस्था गरिएको छ।

### २) सन्दर्भ

नेपाल सरकारले जिल्ला स्थित निकायहरुबाट सञ्चालन हुने विकास निर्माण एवम् अन्य आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न जिल्ला समन्वय समितिको कार्यालय, रसुवलाई अनुगमन मल्याङ्कन तथा भ्रमण खर्च शिर्षकमा बजेट विनियोजन गरेको छ। त्यस्तै सोही कार्यलाई निरन्तरता दिन बागमती प्रदेश सरकारले समेत प्रदेश तथा स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन मूल्यङ्कन खर्च शिर्षकमा बजेट बिनियोजन गरेको छ। । प्राप्त अवलोकन तथा तथ्यहरूका आधारमा तयार गरिएको यस प्रतिवेदनले विकास आयोजनालाई अझ दिगो, प्रभावकारी, पारदर्शी र जनमुखी बनाउनेतर्फ आवश्यक सुधारका सुझावहरू प्रस्तुत गर्दछ।

### ३) अनुगमनकर्ताः

जिल्ला स्थित निकायहरुबाट सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको अनुगमन गर्ने उद्देश्यले देहाय बमोजिमको टोलीद्वारा स्थल निरीक्षण, सरोकारवालासँगको परामर्श, प्राविधिक मूल्यांकन तथा आवश्यक कागजात अध्ययनसमेतको माध्यमबाट अनुगमन कार्य सम्पन्न गरिएको छ

- जिल्ला समन्वय समिति, रसुवाबाट
  - श्री अशोक कुमार घिमिरे (प्रमुख)
  - श्री बिजय लामा (उप प्रमुख)
  - श्री खिल प्रसाद न्यौपाने (सदस्य)
  - श्री पार्वती विश्वकर्मा (सदस्य)

- जिल्ला समन्वय समितिको कार्यालय, रसुवाबाट
  - श्री राजेन्द्रप्रसाद आचार्य (जिल्ला समन्वय अधिकारी)
  - श्री दिप राज बस्नेत (इन्जिनियर)
  - श्री सौरब घिमिरे (स्वकीय सचिव)
  - श्री जयराम देवकोटा (कार्यालय सहयोगी)
  - श्री कुमार घले (कार्यालय सहयोगी)

- सडक डिभिजन, नुवाकोट
  - सुदिप कार्कि (इन्जिनियर)

- पूर्वधार विकास कार्यालय, रसुवाबाट
  - पवन डङ्गोल (इन्जिनियर)

- निर्माण व्यवसायी र निर्माण कम्पनीका कर्मचारी तथा कामदारहरु
  - निर्माण व्यवसायी

## ४) अनुगमन मितिः

यस आयोजनाको स्थलगत अनुगमन मिति २०८३ साल असार १८ गतेदेखि मिति २०८३ साल असार २२ गतेसम्म सम्पन्न गरिएको हो।

## ५) अनुगमन भएको आयोजना, स्थान र कार्यालयहरुः

यस अनुगमन अन्तर्गत देहाय बमोजिमको आयोजना सञ्चालन भइरहेको अवस्थाको स्थलगत अवलोकन गरिएको हो।

१ Road Improvement Works from Betrawati-Mulkharka-Thade to Dhunche Road

२ धारापानी_रुप्सेपानी जिबजिबे ज्याङल्याङ लोकिल सडक, कालिका गाउँपालिका, रसुवा।

३ धारापानी रुप्सेपानी भदौरे जिबजिबे ग्रामिण सडकको धोविखोलामा नयाँ पुल निर्माण, रसुवा।

**अनुगमन भएको कार्यालयः** आयोजना कार्यान्वयन गर्ने कार्यालय

- **Road Division, Nuwakot** (Road Improvement Works from Betrawati-Mulkharka-Thade to Dhunche Road )

- पूर्वधार विकास कार्यालय, रसुवा (धारापानी_रुप्सेपानी जिबजिबे ज्याङल्याङ लोकिल सडक, कालिका गाउँपालिका, रसुवा र धारापानी रुप्सेपानी भदौरे जिबजिबे ग्रामिण सडकको धोबिखोलामा नयाँ पुल निर्माण, रसुवा) को उपस्थितिमा अनुगमन सम्पन्न गरिएको छ।

## ६) अनुगमन संलग्न अन्य विवरण:

### योजनाको नाम: Road Improvement Works from Betrawati-Mulkharka-Thade to Dhunche Road

१. कार्यान्वयनको गरिने स्थान: बेत्रावती देखि **Dhunche** सम्म विभिन्न स्थानमा

२. **बजेटको स्रोत**: नेपाल सरकार

३. **कार्यान्वयन गर्ने निकायः** सडक डिभिजन, नुवाकोट।

४. **योजना कार्यान्वयनको प्रक्रिया:** निर्माण ठेक्का मार्फत (NCB)

५. **निर्माण व्यबसायी/ उपभोक्ता समितिको नाम**: M/S Kamaklya/Dawa/Dhoom JV

६. स्वीकृत श्रोतहरु:- नेपाल सरकार

७. **सम्झौता रकम:** १५,०१,७८,१९५.५३ (With VAT and PS)

८. सम्झौता मिति: २०८२/०२/०८

९. **कार्यारम्भ आदेश मिति:** २०८२/०२/०८

१०. सम्पन्न हुने मिति: २०८३/०५/०७

११. **निर्माण कार्यको भौतिक विवरण**: ३०% प्रगति

१२. **निर्माण कार्यको** आर्थिक विवरण: १८.१६% प्रगति

निर्माणको हालको अवस्था : निर्माण व्यवसायी निर्माण स्थलमा रही निर्माण कार्य सुचारु गरिरहेको

### योजनाको नाम: धारापानी रुप्सेपानी जिबजिबे ज्याङल्याङ लोकिल सडक, कालिका गाउँपालिका, रसुवा।

१. कार्यान्वयनको गरिने स्थान: कालिका गाउँपालिका, रसुवा

२. **बजेटको स्रोत**: बागमती प्रदेश सरकार

३. कार्यान्वयन गर्ने निकाय: पूर्वधार विकास कार्यालय, रसुवा

४. योजना कार्यान्वयनको प्रक्रिया: निर्माण ठेक्का मार्फत

५. निर्माण व्यबसायी/ उपभोक्ता समितिको नाम: **Uma & Company/PR/Jywadanba JV**

६. स्वीकृत श्रोतहरु:- बागमती प्रदेश सरकार

७. **सम्झौता रकम:** २९,६२,५९,४०१.५०

८. सम्झौता मिति: २०७८/११/०१ – म्याद थप गरिएको

९. कार्यारम्भ आदेश मिति: २०७८/११/०१

१०. सम्पन्न हुने मिति: २०८०/११/१९

११. निर्माण कार्यको भौतिक विवरण: ९०% प्रगति

१२. निर्माण कार्यको आर्थिक विवरण: ८६% प्रगति

१३. निर्माणको हालको अवस्था : निर्माण कार्य कालो पत्रे अन्तिम चरणमा ।

**योजनाको नाम: धारापानी रुप्सेपानी भदौरे जिबजिबे ग्रामिण सडकको धोबिखोलामा नयाँ पुल निर्माण, रसुवा।**

१ **कार्यान्वयनको गरिने स्थान:** कालिका गाउँपालिका, वडा नं. ३ र वडा नं. ४ जोड्ने

२ **बजेटको स्रोत:** बागमती प्रदेश सरकार

३ **कार्यान्वयन गर्ने निकाय:** पूर्वधार विकास कार्यालय, रसुवा

४ **योजना कार्यान्वयनको प्रक्रिया:** निर्माण ठेक्का मार्फत

५ **निर्माण व्यबसायी/ उपभोक्ता समितिको नाम:** **KNS-NAC JV**

६ **स्वीकृत श्रोतहरु:-** बागमती प्रदेश सरकार

७ **सम्झौता रकम:** ६,६४,३६,३१२.७५/

८ **सम्झौता मिति:** २०८२/०२/२८

९ **कार्यारम्भ आदेश मिति:** २०८२/०२/२८

१० **सम्पन्न हुने मिति:** २०८४/०२/२७

११ **निर्माण कार्यको भौतिक विवरण:** १०% प्रगति

१२ **निर्माण कार्यको आर्थिक विवरण:** **Interim Payment Certificate** नभएको

१३ **निर्माणको हालको अवस्था** : निर्माण कार्य सुचारु भएको ।

१४ **अनुगमनको क्रममा देखिएका सकारात्मक तथा सुधार गरिनु पर्ने पक्षहरु:**

**७. देखिएका कमजोरीहरु:**

क. कार्यस्थलमा निर्माण कार्यमा संलग्न ज्यामी तथा श्रमिकहरूले आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (Personal Protective Equipment – PPE) को पूर्ण रूपमा प्रयोग नगरेको पाइएको।

ख. सडक निर्माण कार्य सञ्चालन भइरहेका बेला निरन्तर सवारीसाधनको आवतजावत भइरहँदा निर्माण कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ भएको तथा कार्य प्रगतिमा समेत असर परेको।

ग. सडक विस्तार कार्यको केही भाग लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकाले सडक मापदण्डअनुसार साना रुख तथा बुट्यान हटाउनुपर्ने अवस्था रहेको छ। यस सम्बन्धमा लाङटाङ राष्ट्रिय निकुञ्ज र आयोजना कार्यान्वयन गर्ने निकायबीच आवश्यक कानुनी तथा प्रशासनिक समन्वयको अभावका कारण आयोजना निर्धारित समयभित्र सम्पन्न गर्न चुनौती उत्पन्न भएको देखिएको।

घ. निर्माण व्यवसायीको तर्फबाट आयोजनामा तोकिएको जिम्मेवार इन्जिनियरको व्यवस्था नगरिएको/इन्जिनियर खटाइएको नदेखिएकाले प्राविधिक समन्वय, गुणस्तर नियन्त्रण तथा निर्माण व्यवस्थापनमा समस्या देखिएको।

ङ. अत्यधिक वर्षा हुने समयमा आयोजनास्थलका विभिन्न स्थानमा पहिरो जाने समस्या देखिने भएकाले निर्माण कार्यको निरन्तरता, यातायात सञ्चालन तथा आयोजनाको समयमै सम्पन्नतामा प्रतिकूल प्रभाव पर्ने अवस्था रहेको।

## ८ सुझावहरु

क. निर्माण व्यवसायीले कार्यस्थलमा संलग्न सबै श्रमिकलाई आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलब्ध गराई यसको अनिवार्य प्रयोग सुनिश्चित गर्नुपर्ने तथा नियमित रूपमा सुरक्षा सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्नुपर्ने।

ख. निर्माण कार्यलाई सहज, सुरक्षित तथा प्रभावकारी बनाउन स्थानीय प्रशासन, ट्राफिक प्रहरी तथा सम्बन्धित निकायसँग समन्वय गरी उपयुक्त ट्राफिक व्यवस्थापन योजना लागू गर्नुपर्ने।


ग. लाङटाङ राष्ट्रिय निकुञ्ज, आयोजना कार्यान्वयन गर्ने निकाय तथा अन्य सम्बन्धित सरोकारवालाबीच आवश्यक कानुनी तथा प्रशासनिक समन्वयलाई प्रभावकारी बनाई आवश्यक स्वीकृति तथा प्रक्रिया समयमै सम्पन्न गर्नुपर्ने।

घ. निर्माण व्यवसायीले सम्झौताअनुसार योग्य तथा जिम्मेवार साइट इन्जिनियर अनिवार्य रूपमा खटाई निर्माण कार्यको नियमित प्राविधिक सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण सुनिश्चित गर्नुपर्ने।

ङ. वर्षायाममा हुन सक्ने पहिरोको जोखिमलाई न्यूनीकरण गर्न जोखिमयुक्त स्थानहरूमा आवश्यक संरक्षणका संरचना निर्माण, प्रभावकारी पानी निकासको व्यवस्था तथा नियमित अनुगमन गरी पूर्वतयारीका कार्यहरू समयमै सम्पन्न गर्नुपर्ने।

च. सडक सुरक्षाका लागि Barrier को व्यवस्था निर्माणका क्रममै राख्नपर्ने।

## ९. तस्विरहरू




Road Improvement Works from Betrawati-Mulkharka-Thade to Dhunche Road







धारापानी रुप्सेपानी भदौरे जिबजिबे ग्रामिण सडकको धोविखोलामा नयाँ पुल निर्माण, रसुवा।



धारापानी_रुप्सेपानी जिबजिबे ज्याङल्याङ लोकिल सडक, कालिका गाउँपालिका, रसुवा।